# भाग ५

## नेपाल सरकार

## श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको

## सूचना

नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले श्रम ऐन, २०७४ को दफा १०६ बमोजिम संवत् २०८० साउन १ गते देखि लागू हुने गरी चिया बगान बाहेकका श्रमिक र चिया बगानका श्रमिकका लागि देहाय बमोजिम न्यूनतम पारिश्रमिक निर्धारण गरेकोले सोही दफाको उपदफा (३) को प्रयोजनको लागि यो सूचना प्रकाशन गरिएको छः-

(क) चिया बगान बाहेकका श्रमिकको हकमाः-

| क्र.सं. | न्यूनतम पारिश्रमिक | आधारभूत पारिश्रमिक (रू.) | महङ्गी भत्ता (रू.) | जम्मा (रू.) |
|---|---|---|---|---|
| १. | मासिक | १०,८२०।- | ६,४८०।- | १७,३००।- |
| २. | दैनिक | ४१८।- | २५०।- | ६६८।- |
| ३. | प्रति घण्टा | ५६।- | ३३।- | ८९।- |
| ४. | आंशिक समय मात्र काम गर्ने कामदारको प्रति घण्टा न्यूनतम पारिश्रमिक | - | - | ९५।- |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) चिया बगानका श्रमिकको हकमा:-

| क्र. सं. | न्यूनतम पारिश्रमिक | आधारभूत पारिश्रमिक (रू.) | महङ्गी भत्ता (रू.) | जम्मा (रू.) |
|---|---|---|---|---|
| १. | मासिक | ८,९३४।- | ४,९५९।- | १३,८९३।- |
| २. | दैनिक | ३२३।- | १७७।- | ५००।- |
| ३. | प्रति घण्टा | ४३।- | २३।- | ६६।- |
| ४. | चिया प्रशोधन वा चिया कारखानामा काम गर्ने श्रमिक तथा चिया बगानका सरदार, नाइके र चौकीदारको समेत दैनिक भत्ता | - | - | ६३।- |

**द्रष्टव्यः**

१. उपर्युक्त पारिश्रमिकको अतिरिक्त श्रम ऐन, २०७४, योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ र प्रचलित कानून बमोजिम श्रम सम्झौता/नियुक्तिपत्र, श्रमिकले पाउने सञ्चयकोष र उपदान लगायतका सुविधाहरु अनिवार्य रुपमा हुनु पर्नेछ।

२. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ बमोजिम स्थानीय तह वा नेपाल कानून बमोजिम अन्य निकायलाई न्यूनतम पारिश्रमिक निर्धारण गर्ने अधिकार प्रदान गरिएकोमा त्यस्तो तह वा निकायले पारिश्रमिक निर्धारण गर्दा यो सूचनामा तोकिएभन्दा कम नहुने गरी निर्धारण गर्नु पर्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. उल्लिखित न्यूनतम पारिश्रमिक भन्दा कम पारिश्रमिक लिने दिने गरी कसैले पनि कुनै रोजगार सम्झौता गर्न पाइने छैन ।

४. माथिको न्यूनतम पारिश्रमिक श्रम ऐन, २०७४ को दफा २८ बमोजिमको कानूनी व्यवस्थालाई समेत आधार बनाई लागू गरिएको छ। न्यूनतम पारिश्रमिक दिने सन्दर्भमा केही प्रावधानहरु फरक भएको अवस्थामा समेत यही न्यूनतम पारिश्रमिकलाई आधार बनाई समायोजन गर्न सकिनेछ।

५. खण्ड ७१, सङ्ख्या ३, मिति २०७८।१।२० को नेपाल राजपत्र भाग ५ मा प्रकाशित चिया बगान बाहेकका श्रमिकको न्यूनतम पारिश्रमिक सम्बन्धी र खण्ड ७१, सङ्ख्या १३, मिति २०७८।३।२८ को नेपाल राजपत्र भाग ५ मा प्रकाशित चिया बगानका श्रमिकको न्यूनतम पारिश्रमिक सम्बन्धी श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको सूचना खारेज गरिएका छन्।

**आज्ञाले,**
**केवल प्रसाद भण्डारी**
**नेपाल सरकारको सचिव ।**

मुद्रण विभाग



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू.२५।–
गो.हु.द.नं. १६।२०६२।६३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## संवत् २०८० साउन १ गते देखि लागू हुने गरी नेपाल सरकारद्वारा मिति २०८०।०४।३२ को नेपाल राजपत्रमा प्रकाशित सूचना बमोजिमको न्यूनतम पारिश्रमिक, सेवा तथा सुविधाको दररेट विवरण

| सि.नं | श्रम ऐन २०७४ र श्रम नियमावली २०७५ | शिर्षक | मासिक रकम रु | दैनिक रकम रु | घण्टा रकम रु | कैफियत | |
|---|---|---|---|---|---|---|---|
| क | आधारभूत पारिश्रमिक | | | | | | |
| १ | दफा १०६ | आधारभूत पारिश्रमिक | १०८२०।०० | ४१८।०० | ५६।०० | | |
| २ | दफा १०६ | महंगी भत्ता | ६४८०।०० | २५०।०० | ३३।०० | | |
| | | जम्मा (क) | १७३००।०० | ६६८।०० | ८९।०० | | |
| ख | सुविधा | | | | | | |
| १ | दफा ५२ | संचयकोष ( आधारभूत पारिश्रमिकको १० % रोजगारदाताले थप गर्नुपर्ने) | १०८२।०००० | | | ०.१० × १०८२० | रोजगारदाताबाट सामाजिक सुरक्षा कोषमा जम्मा योगदान २० % * १०८२० = २१६४ |
| २ | दफा ५३ | उपदान (रोजगारदाताले आधारभूत पारिश्रमिकको ८.३३ % थप गर्नुपर्ने) | ९०१।३०६० | | | ०.०८३३ × १०८२० | |
| ३ | दफा ५४ र दफा ५५ | आधारभूत पारिश्रमिकको १.६७ % रोजगारदाताले थप गर्नुपर्ने (औषधि उपचार विमा १ लाख सम्म र दुर्घटना विमा ७ लाख सम्म समेट्ने) | १८०।६९४० | | | ०.०१६७ × १०८२० | |
| ४ | दफा ४३ र दफा ४९(२) | घर विदा (काम गरेको अवधिको २० दिनको १ दिनका दरले पारिश्रमिक) | ६२४।२३०७ | | | ३०/२० × ४१६।१५३८ | सेवामा नरहेमा निजले खाइपाई आएको पछिल्लो आधारभूत पारिश्रमिकको दरले |
| ५ | दफा ४४ | बिरामी विदा (वार्षिक १२ दिन पारिश्रमिक) | ४१६।१५३८ | | | १ × ४१६।१५३८ | |
| ६ | दफा ३७ | चाडपर्व खर्च (प्रत्येक वर्ष १ महिनाको आधारभूत पारिश्रमिक बराबर) | ९०१।६६६७ | | | १०८२०/१२ | |
| | | जम्मा (ख) | ४१०६।०५१२ | | | | |
| ग | श्रमिकहरुको मासिक पारिश्रमिक र सेवा सुविधा गरी कुल जम्मा (क+ख) | | २१४०६।०५१२ | | | प्रचलित कानून बमोजिम कर बाहेक | |
| घ | सुरक्षा सेवा थप (दैनिक ८ घण्टा कार्य गर्ने) | | | | | | |
| १ | दफा ४०, दफा ३०,दफा ३१ र नियम २० | ४ वटा साप्ताहिक विदाको थप | २४९६।९२२८ | | | ४ ×१.५ × ४१६।१५३८ | रोजगारदाताले श्रमिकलाई दफा ३० बमोजिम बढी समय काममा लगाउँदा नियमित रुपमा काम गर्दा पाउने आधारभूत पारिश्रमिकको डेढी पारिश्रमिक दिनु पर्नेछ । |
| २ | दफा ४१, दफा ३० र दफा ३१ | वार्षिक१३ दिन सार्वजनिक विदा बापत मासिक रु | ६७६।२४९९ | | | १३×१.५× ४१६.१५३८/१२ | |
| ङ | सार्वजनिक विदा र साप्ताहिक विदामा समेत दैनिक ८ घण्टा काम गरी श्रमिकले पाउने मासिक जम्मा (ग+घ) | | २४५७९।२२३९ | | | | |
| च | बढि समय काममा लगाउनका लागि | | | | | | |
| १ | दफा २८ दफा ३० र दफा ३१ | बढि समय काम गरे बापत प्रति घण्टा थप रकम | ८३।२३०८ | | | १.५×५५.४८७२ रोजगारदाताले श्रमिकलाई दफा ३० बमोजिम बढी समय काममा लगाउँदा नियमित रुपमा काम गर्दा पाउने आधारभूत पारिश्रमिकको डेढी पारिश्रमिक दिनु पर्नेछ | |
| २ | दैनिक १२ घण्टा | अतिरिक्त ४ घण्टा थप कार्य गर्ने श्रमिकले पाउने एक दिनमा थप | ३३२।९२३२ | | | ४ ×८३.२३०८ दैनिक ८ घण्टामा ४ घण्टा अतिरिक्त समय थप | |
| ३ | दिनक १२ घण्टा काम गरी साप्ताहिक विदा पाउने श्रमिकको मासिक थप | अतिरिक्त ४ घण्टा थप कार्य गर्ने श्रमिकले पाउने २६ दिनमा थप | ८६५६।००३२ | | | २६ × ३३२.९२३२ साप्ताहिक विदा पाउने | |
| ४ | | दैनिक १२ घण्टा काम गर्ने र साप्ताहिक विदा पाउने श्रमिकको मासिक पारिश्रमिक (ग+च३) | ३००६२।०५४४ | | | | |

नोट :

| | |
|---|---|
| १ | एक महिनामा श्रमिकहरुले पाउने ४ वटा साप्ताहिक विदा घटाएर कुल कार्य दिन २६ हुने र दैनिक रकमका लागि आधारभूत पारिश्रमिक र महंगी भत्तालाई २६ले भाग गर्ने (१ दिनको १०८२०/२६ = ४१६.१५) |
| २ | एक दिनमा श्रमिकले लगातार ५ घण्टा काम गरेपछि आधा घण्टा आरामको समय पाउने हुन एक दिनमा कुल कार्य घण्टा ७.५ घण्टा हुने र घण्टाको रकमलाई आधारभूत पारिश्रमिक र महंगी भत्तालाई ७.५ ले भाग गर्ने (१ घण्टाको १०८२०/२६/७.५ = ५५.४९) |
| ३ | यसमा प्रसुति विदा र किरिया विदा वापतको श्रमिकले पाउनुपर्ने सुविधा जोडेको छैन । |
| ४ | श्रम ऐन २०७४ को दफा २८ र दफा ३० बमोजिम एक हप्तामा अधिकतम कार्य घण्टा ७२ रहेकोले १२ घण्टा हप्ताको सातै दिन काममा लगाउन पाइनेछैन । |
| ५ | पोशाक खर्च, नियमानुसार लाग्ने कर तथा आपूर्तिकर्ताको सेवा शुल्क समावेश गरिएको छैन । |